# प्रदेश सभा

## विधायन तथा प्रदेश मामिला समितिको

## बार्षिक प्रतिवेदन, २०७५



प्रदेश सभा
विधायन तथा प्रदेश मामिला समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

प्रदेश सभा

कर्णाली प्रदेश

प्रदेश सभा

विधायन तथा प्रदेश मामिला समिति

अध्यक्ष

मा० श्री पदम बहादुर रोकाय

सदस्यहरू

| | |
|---|---|
| १. मा० श्री चन्द्र बहादुर शाही | सदस्य |
| २. मा० श्री जीवन बहादुर शाही | सदस्य |
| ३. मा० श्री देवी ओली | सदस्य |
| ४. मा० श्री धर्मराज रेग्मी | सदस्य |
| ५. मा० श्री विन्दमान विष्ट | सदस्य |
| ६. मा० श्री मिनासिंह रखाल | सदस्य |

प्रदेश सभा
विधायन तथा प्रदेश मामिला समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

| प्रदेश सभा सचिवालय | | |
|---|---|---|
| क्र.सं. | पद | नाम, थर |
| १ | प्रदेश सभा सचिव | जीवराज बुढाथोकी |
| | | |

| समिति सचिवालयका कर्मचारीहरू | | |
|---|---|---|
| १ | सचिव | राम बहादुर चन्द |
| २ | कम्प्यूटर अपरेटर | उपेन्द्र कुमार गुरुङ्ग |
| ३ | सहायक कम्प्यूटर अपरेटर | प्रकाश पौडेल |
| ४ | कार्यालय सहयोगी | गङ्गा प्रसाद अधिकारी |

प्रदेश सभा
विधायन तथा प्रदेश मामिला समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

## मन्तव्य

माननीय सभामुख महोदय,

प्रदेश सभाको निर्वाचन पश्चात प्रदेश सभा नियमावली, २०७४ को नियम १४७ अनुसार प्रदेश सभाका विभिन्न विषयगत समितिहरू गठन गर्ने क्रममा विधायन तथा प्रदेश मामिला समितिको पनि गठन भयो । विधायन तथा प्रदेश मामिला समितिले मिति २०७५ बैशाख १७ गतेदेखि आफ्नो कार्य प्रारम्भ गरेको थियो । समितिले आफ्नो कार्य प्रारम्भ गरेपछि आफ्नो जिम्मेवारीमा निरन्तर सक्रिय रहँदै आएको छ । समितिले हालसम्म विभिन्न विधेयकहरूमा परेका संशोधनहरूको आधारमा विषयका कार्यसूची निर्धारण गरी जम्मा १४ वटा बैठक बसी कार्यसम्पादन गरिसकेको छ । समितिका बैठकबाट महत्वपूर्ण निर्णयहरू भएका छन् ।

नियमावली अनुसार विधायन तथा प्रदेश मामिला समितिको कार्यक्षेत्रअन्तर्गत प्रदेश मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश लोक सेवा आयोग र सरकारका कामकाजको अनुगमन रहेको छ । यस समितिको कार्यक्षेत्र अनुसार हालसम्म प्रदेश सभामा छलफल भएका विधेयकहरू माथि परेको संशोसधनको सूचना अनुसार सभाबाट यस समितिमा आएका विधेयकहरूमाथि विस्तृत छलफल संशोधनकर्ता माननीयहरूको उपस्थितिमा भएको थियो ।

माननीय सभामुख महोदय,

मुलुक संघीय व्यवस्थामा गएकोले प्रदेश सरकार सुरुवाती चरणमा कानून निर्माणमा लागिरहेको अवस्थामा सरकारले ल्याएका विधेयकमाथि गहन छलफल गरी उत्कृष्ट, जनमूखी बनाउन समिति लागेको छ । यसक्रममा सरकारलाई सम्बन्धित विषयमा आवश्यक सल्लाह, सुझाव र निर्देशन दिँदै आएको छ । यस समितिको कार्यक्षेत्रमा पर्ने मन्त्रालयहरूबाट आएका विधेयकहरूमा माननीयहरूले राख्नु भएको संशोधनको सूचनामाथि पटक-पटक छलफल गरी निचोडमा पुऱ्याएको छ। कर्णाली प्रदेश सरकारले संविधानको कार्यान्वयनको चरणमा बनाउनु पर्ने कानूनलाई यथार्थपरक बनाउन गहन छलफलबाट विधेयकमा भएका कमिकमजोरी हटाई कार्यान्वयनमा सहज हुनेगरी विवाद रहित निचोडमा पुऱ्याएको छ ।

प्रदेश सरकारले गाउँ सभा र नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा रहेका अव्यावहारिक पक्षहरूलाई समयसापेक्ष बनाउन संशोधनको सूचना पेश गर्ने माननीयहरूको उपस्थितिमा छलफल गरी अन्तिम टुङ्गोमा पुऱ्याई हाल कार्यन्वयनको अवस्थामा छ ।

प्रदेश सभा सञ्चालनार्थ अत्यावश्यक प्रदेश सभा सचिवालयको सचिवको नियुक्ति सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई प्रदेश सभामा सक्षम, सबल, उच्च नैतिकता, निष्पक्षता भएको व्यक्ति नियुक्ति गर्नका लागि यस समितिले संशोधनकर्ता माननीयहरूको समेत उपस्थितिमा छलफल गरि निचोडमा पुऱ्यायो ।

प्रदेश सभा
विधायन तथा प्रदेश मामिला समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

माननीय सभामुख महोदय,

अन्त्यमा, यस समितिको कार्यसम्पादनमा सहयोग पुऱ्याउनु हुने प्रदेश सभाका माननीय सभामुख महोदय, माननीय उपसभामुख ज्यू, समितिका माननीय सदस्यहरू, प्रदेश सरकार र सम्बन्धित मन्त्रालय, प्रदेश सभाका सचिव, समिति सचिव लगायत समिति सचिवालयका सम्बद्ध कर्मचारीहरू, समितिको कार्यसँग सम्बद्ध सचिवालयका सम्पूर्ण कर्मचारीहरु, समितिलाई सहयोग पुऱ्याउनु हुने तथा समितिका काम कारबाहीका विषयमा आम नागरिकलाई सूसुचित गर्ने सञ्चार जगतलाई समेत हार्दिक धन्यवाद दिँदै, प्रदेश सभा नियमावली, २०७४ को नियम १५७ बमोजिम यो प्रतिवेदन माननीय सभामुख महोदय मार्फत यस सम्मानीत सदन समक्ष पेश गर्दछु ।

धन्यवाद

मिति : २०७६/०३/

(पदम बहादुर रोकाय)

अध्यक्ष

प्रदेश सभा
विधायन तथा प्रदेश मामिला
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

प्रदेश सभा

विधायन तथा प्रदेश मामिला समितिको

बार्षिक प्रतिबेदन, २०७५

कर्णाली प्रदेश

१. परिचयः

प्रदेश सभाबाट समितिमा आएका विधेयकहरूलाई परिमार्जन गरी परिष्कृत गर्नका साथै प्रदेश सभाका अन्य कार्यहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्पादन गर्न, प्रदेशका काम कारवाहीप्रति प्रदेश सभाका सदस्यलाई जागरुक, जिम्मेवार तुल्याउन र प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउन प्रदेश सभा अन्तर्गत गठित ४ वटा विषयगत समितिहरु मध्ये विधायन तथा प्रदेश मामिला समिति एक हो । प्रदेशका नागरिकलाई सचेत बनाउन सके विकास र सामाजिक रुपान्तरणमा सघाउ पुग्ने हुँदा सो सन्दर्भमा यो समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

२. समितिको गठन प्रक्रियाः

सभामुखद्वारा मनोनयन भएका माननीय सदस्यहरु र सदस्यहरुले आफूमध्ये छानेको सभापति समेतबाट समिति गठन हुन्छ तर यस समितिमा हालसम्म जेष्ठ सदस्यले अध्यक्षता गर्दै आउनु भएको छ । सभामुखद्वारा सदस्यहरु मनोनयन भएपछि सभाद्वारा यसको अनुमोदन गरिन्छ । मुख्यमन्त्री र समितिको विषयसँग सम्बद्ध मन्त्रीहरु समितिका पदेन सदस्यहरु हुन्छन् । सदस्यहरुको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, आदिवासी/जनजाति, खस, आर्य मधेसी, थारु, मुस्लीम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतको प्रतिनिधित्व गराउनु पर्ने प्रावधान प्रदेश सभा नियमावली २०७४ ले गरेको छ । मुख्यमन्त्री र विषयसँग सम्बन्धित विभागीय मन्त्री पदेन सदस्य रहने बाहेक कुनैपनि सदस्य एकभन्दा बढी समितिको सदस्य हुन पाउँदैन। समितिमा पदेन सदस्यको अतिरिक्त देहाय बमोजिम ७ जना मा. सदस्यहरु रहनु भएको छ ।

| | |
|---|---|
| १. मा० श्री पदम बहादुर रोकाय | अध्यक्ष |
| २. मा० श्री चन्द्र बहादुर शाही | सदस्य |
| ३. मा० श्री जीवन बहादुर शाही | सदस्य |
| ४. मा० श्री देवी ओली | सदस्य |
| ५. मा० श्री धर्मराज रेग्मी | सदस्य |
| ६. मा० श्री विन्दमान विष्ट | सदस्य |
| ७. मा० श्री मिनासिंह रखाल | सदस्य |

३. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम संशोधनको सूचना परी सभाबाट समितिमा आएका विधेयकहरूलाई संशोधनसहित परिमार्जन, सुधार गरी परिष्कृत गर्नुका साथै सरकारलाई प्रदेश सभाप्रति जिम्मेवार तुल्याउनु र समितिको कार्यक्षेत्र भित्रका सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरुको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु हो । यसको अतिरिक्त समितिका काम, कर्तव्य र क्षेत्राधिकार निम्नबमोजम रहेका छन् ।

(१) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग, र निकायसंग सम्बन्धित बिधेयकहरूमा दफावार छलफल गरि सोको प्रतिबेदन प्रदेश सभामा पेश गर्ने ।

(२) मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।



प्रदेश सभा विधायन तथा प्रदेश मामिला समिति कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

(३) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

(४) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानूनबमोजिम बनेको छ छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुसार काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(५) सरकारद्वारा समय समयमा गठन हुने छानबिन आयोग । समिति र जाँचबुझ आयोग । समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।

(६) मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने ।

(७) बैठकले सुम्पेको अन्य काम गर्ने ।

(८) प्रदेश लोक सेवा आयोगसम्बन्धी कार्यहरूको अनुगमन मूल्याङ्कन गर्ने र

(९) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

४. **समितिको कार्य क्षेत्रः**

विधायन तथा प्रदेश मामिला समितिको क्षेत्रभित्र निम्न बमोजिमका मंत्रालयहरु र सो अन्तर्गतका विभाग तथा निकायहरु पर्दछन् :

क. **मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्‌को कार्यालय र अन्य निकायहरुः**

१. प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,

२. प्रदेश सरकारको कार्य विभाजन तथा कार्यसञ्चालन,

३. प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यन्वयन, अनुगमन र मूल्याङ्कन,

४. प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यन्वयन,

५. प्रदेश मन्त्रालयहरूको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण,

६. प्रदेश मन्त्रिपरिषदका निर्णयको कार्यान्वयन र अनुगमन

७. प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणिकरण,

८. प्रदेश भित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अध्यावधिक जानकारी र सम्वोधन,

९. मानव अधिकारको संरक्षण र प्रवर्धन,

१०. सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार

११. संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,

१२. सङ्घीय सरकारको स्वीकृतिबमोजिम द्वीपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन

१३. प्रदेश प्रमुखको निर्देशनको कार्यान्वयन र प्रतिवेदन

१४. अन्तर प्रदेश परिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,

१५. प्रदेश स्तरका आयोग तथा निकायहरूको गठन एवं सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवं सेवा, सुविधासम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन



प्रदेश सभा
विधायन तथा प्रदेश मामिला समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

१६. निर्वाचन कार्यमा सहयोग र समन्वय

१७. प्रदेश स्तरीय मानव संशाधन विकास योजना, तर्जुमा र कार्यान्वयन

१८. प्रदेश निजामति सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन

१९. प्रदेश स्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण

२०. प्रदेश स्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेश स्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय,

२१. प्रदेश स्तरमा सार्वजनिक सेवाको वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन र

२२.गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थासम्बन्धी कानून तर्जुमा ।

ख. आन्तरिक मामिला तथा कानून मन्त्रालय

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य

२. अति विशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा

३. संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, व्यवस्थापन र नियमन

४ संघीय कानूनबमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन

५. प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय

६. कानून, न्याय तथा प्रदेश सभा मामिलासम्बन्धी

७. प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरणसम्बन्धी

८. अन्तराष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तराष्ट्रिय सीमा सुरक्षामा सहयोग

९. आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग

१०. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थाप र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरणसम्बन्धी

११. सामुदायिक प्रहरी

१२. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन

१३. प्रदेशभित्रको न्यायिक र अर्धन्यायिक निकायले फैसला कार्यान्वयन

१४. प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरूको अभिलेख र समन्वय

१५. गुनासो र विवाद व्यवस्थापन

१६. संघीय मापदण्डबमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन

१७. फौजदारी कार्यविधि कानूनको कार्यान्वयन

१८. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति

१९. निवारक नजरबन्द र स्थानदहसम्बन्धी

२०. अन्तरप्रदेश सम्बन्ध

२१. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्तिसम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यन्वयन र नियमन तथा जग्गा विवाद समाधान

२२. स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय



प्रदेश सभा विधायन तथा प्रदेश मामिला समिति कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

२३. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तातरण, सम्बन्ध विच्छेद, टुहुरा,धर्मपुत्र,धर्मपुत्री,उत्तराधिकार र संयुक्त परिवार)सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२४. विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शांकन र बस्ती स्थानान्तरणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यन्वयन र नियमन

२५. उपाधि, सम्मान तथा विभूषणको सिफारिस

२६. प्रदेशस्तरमा सार्वजनिक विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन

२७. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापनासम्बन्धी

२८. सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्तिसम्बन्धी

२९. प्रदेशस्तरको विध्युतीय सञ्चार माध्यम संचालनसम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यन्वयन र नियमन तथा अनुमति, इजाजत र नविकरण

३०. प्रदेशंस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन

३१. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधिक पार्को निर्माण, सञ्चालन र नियमन

३२. प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन

३३. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता,अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन

३४. साइवर सुरक्षा अनुगमन

३५. छापासञ्चार माध्यमको दर्ता, अनुमति,आचारसंहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन

३६. प्रेस सूचना प्रवाह, सूचना सामाग्रीको उत्पादन,प्रकाशन र वितरण

३७. श्रमजिवी सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन

३८. प्रदेशस्तरीय प्रेस रजिष्ट्रारसम्बन्धी

३९. केवुल वितरणको इजाजत, नवीकरण र नियमन

४०. सूचनाको हकसम्बन्धी प्रादेशिक नीति,कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन

४१. चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन

४२. अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्टरूपमा नतोकिएको कार्य

ख. प्रदेश लोक सेवा आयोग

१. प्रदेश निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ ।

२. प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, संगठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

३. प्रदेश प्रहरी, र अन्य प्रदेश सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।



प्रदेश सभा
विधायन तथा प्रदेश मामिला समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

४. कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाको शर्तसम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

५. प्रदेश सेवाको पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन ।

६. देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा,

(ख) प्रदेश निजामती सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) प्रदेश निजामती सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश निजामती सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवाको पदमा वा अन्य प्रदेश सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा र

(ङ) प्रदेश निजामती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

५. समितिले गरेका कामकारवाही तथा निर्णयहरुः

मिति २०७५/०६/०५ गते

१. गाउँ सभा र नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक २०७५ को दफा ३ को उपदफा ४ मा सभाको अधिवेशन चालू नरहेको अवस्थामा सभाको बै७क बोलाउन आवश्यक भए सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरूले लिखित अनुरोध गरेमा त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले अध्यक्षले २१ दिनभित्र त्यस्तो अधिवेशनको बैठक बस्ने मिति, समय र स्थान तोक्नेछ भन्ने ठाउँमा प्राप्त भएको मितिले १५ दिनभित्र बैठक बस्ने मिति, समय र स्थान अनिवार्य रूपमा तोक्नु पर्नेछ भनी लेख्ने निर्णय गरियो ।

२. दफा ५७ को उपदफा (१) मा सभाको बैठकले गरेका निर्णय अध्यक्षले ३ दिनभित्र प्रमाणित गर्नेछ भनी लेख्ने निर्णय गरिय़ो ।

३. दफा ५८ को उपदफा (२) मा उपदफा (१) को (क), (ख) (ग) र (घ) को बमोजिम सम्वोधनको लागि प्रक्रिया अध्यक्षले तोकेबमोजिम हुनेछ भन्नेको सट्टामा सहयोग समितिको परामर्शमा अध्यक्षले तोकेबमोजिम हुनेछ भनी लेखिएको ।

४. उक्त विधेयकको दफा ६७ मा पोशाकको व्यवस्था थप्ने निर्णय गरियो ।

५. जिल्ला सभा सञ्चालनका निम्ति व्यवस्था गर्न बनेको विधेयक २०७५ मा परेको संशोधनको सूचनालाई मध्य नजर गर्दै उक्त विधेयकको दफा ३० को उपदफा (२) थपि उक्त दफामा सम्बन्धित प्रदेशका मन्त्री, सम्बन्धी जिल्लाका संघ र प्रदेश सभाका सदस्यहरुलाई सभालाई सम्वोधन गर्न आमन्त्रित गर्नुपर्नेछ भनि निर्णय गरियो ।

६. उक्त विधेयकमा दफा थपी दफा नं. ३८ मा पोशाकसम्बन्धी व्यवस्था गर्ने निर्णय गरियो ।



प्रदेश सभा विधायन तथा प्रदेश मामिला समिति कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

७. गाउँ सभा र नगरसभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक २०७५ मा परेका संशोधनका सूचना र जिल्ला सभा सञ्चालनका निम्ति व्यवस्था गर्ने बनेको विधेयक २०७५ मा परेका संशोधनका सूचनासमेत सेमेटी उक्त विधेयकहरूलाई परिमार्जन गरी सभामुखसमक्ष पेश गर्न् निर्णय गरियो ।

मिति २०७५/०६/२५ गते

१. आजको बैठकमा माननीय मन्त्रीज्यूको अनुपस्थिति भएकोले बैठक विषयवस्तुमा अगाडि नबढी स्थगित भयो ।

मिति २०७५/०७/१३ गते

१. प्रदेश सभा सचिवको नियुक्ति सम्बन्धमा गहन छलफल गर्दा अर्को बैठकको आवश्यकता देखिएकाले अर्को बैठक यथासिघ्र बोलाउने निर्णय गरियो ।

मिति २०७५/११/२८ गते

१. कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ को सम्बन्धमा छलफल गरी विधेयक माथि परेका संशोधनहरूलाई समेत विचार गरी विधेयकलाई समितिबाट सर्वसम्मतरूपले पारित गर्ने निर्णय गरियो ।

२. उक्त विधेयकको आनुषङ्गिक सुधारसमेत गरी प्रतिवेदन समेत तयार गरी माननीय सभामुख ज्यू समक्ष पेश गर्ने निर्णय गरियो ।

३. यस समितिको अर्को बैठक मिति २०७५/११/२९ गते बस्ने निर्णय गरियो ।

मिति २०७५/११/२९ गते

१. कर्णाली प्रदेश सार्वजनिक प्रशासरण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि गहन छलफल गर्दा निष्कर्षमा पुग्न नसकिएकाले अर्को बैठक बस्नुपर्ने हुँदा अर्को सूचना नभएसम्म यो बैठक स्थगित गर्ने निर्णय गरियो ।

मिति २०७५/१२/०६ गते

१. सबै संशोधनकर्ता माननीयहरूको उपस्थिति आवश्यक ठानी अर्को बैठक मिति २०७५/१२/१३ गते ११:०० बजे बस्ने सबै संशोधनकर्ता (प्रस्तावक र समर्थक) माननीय सदस्यहरूको उपस्थितिमा बस्ने ।

मिति २०७५/१२/१३ गते

१. कर्णाली प्रदेश सार्वजनिक प्रशासरण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि बृहत छलफल गरियो ।

२. उक्त विधेयकमाथि परेका संशोधनका सूचनामाथि छलफल गरी संशोधन र आनुषङ्गि सुधारसहित विधेयक परिमार्जन गरी प्रतिवेदनसहित माननीय सभामुखज्यूसमक्ष पेश गर्ने निर्णय गरियो ।

मिति २०७५/१२/१४ गते

१. कर्णाली प्रदेशमा सुशासन प्रत्याभूती गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि बृहत छलफल गरियो ।

२. उक्त विधेयकमाथि अझै बृहत छलफल गर्नु पर्ने भएकाले समितिको अर्को बैठक मिति २०७५/१२/१६ गते बस्ने

मिति २०७५/१२/१६ गते

१. संशोधनमा छलफल गर्दा अझै छलफल गर्नुपर्ने देखिएकाले अर्को बैंठक मिति २०७५/१२/१८ गते बिहान ९:०० बजे बस्ने ।

मिति २०७५/१२/१८ गते

प्रदेश सभा विधायन तथा प्रदेश मामिला समिति कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत

१. कर्णाली प्रदेशमा सुशासन प्रत्याभूती गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि छलफल गरियो ।

२. उक्त छलफलबाट टुङ्गोमा पुगी कर्णाली प्रदेशमा सुशासन प्रत्याभूती गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ लाई संशोधन र परिमार्जनसहित आनुषङ्गिक सुधार गरी प्रतिवेदन माननीय सभामुखज्यूसमक्ष पेश गर्ने ।

६. समितिमा दफावार छलफल भै पारित भएका विधेयकहरु

- गाउँ सभा र नगर सभा सञ्चालनको लागि व्यवस्था गर्न बनेको विधेयक, २०७५
- जिल्ला सभा सञ्चालनको निम्ति व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेश सार्वजनिक प्रशारण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको विधेयक, २०७५
- कर्णाली प्रदेशमा सुशासन प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गार्न बनेको विधेयक, २०७५

७. समितिले भोग्नु परेका समस्या र समाधानका उपायहरु

१. बैठक सञ्चालनको लागि आवश्यक पूर्वाधारयूक्त बैठक कक्ष नभएको र बैठकलाई सहजिकरण गर्न आवश्यक मात्रामा कर्मचारीको अभाव ।

२. बजेटको अभावले समितिको कार्यक्षेत्र संग सम्बन्धित विषयमा स्थलगत अध्यन, अनुगमन गर्न र सरकारलाई दिएका निर्देशन तथा सुझावहरु कार्यान्वयको अबस्था प्रत्यक्ष अबलोकन गर्न नसकिएकोले समितिले मा. अध्यक्षले पहल गरी प्रदेश सरकारलाई आबश्यक बजेटको लागि सो विषयमा पहल गर्ने ।

३. मा. सदस्य एवं सचिवालयका कर्मचारीहरुको समयानुकूल क्षमता अभिबृद्धि लगायतका विषयमा अवसरहरु उपलब्ध हुन नसकेको सन्दर्भमा स्वदेश तथा बिदेश भ्रमण तथा प्रशिक्षणको व्यवस्था मिलाउने ।

४. समितिको बैठकमा रेकर्डिङ्ग प्रणाली र प्रत्यक्ष अभिलेखीकरण सो सम्बन्धी जनशक्तिको अभाव रहेको संदर्भमा सचिवालय तथा दात्री निकायको सहयोग समेतमा समिति सचिवालयलाई आधारभूत सुविधा सम्पन्न तुल्याउने ।

५. समितिका सचिव तथा अन्य सहयोगी कर्मचारीहरूले विहान बेलुका बैठक बस्दा पनि उनिहरूको उत्साहको लागि कुनै किसिमको सुविधा र भत्ताको व्यवस्था नभएकोले सो को लागि पहल गर्ने ।

७. उपसंहार

प्रभावकारी समिति प्रणाली, व्यवस्थापन र संचालनबाट लोकतन्त्रको विकास हुने कुरा जगजाहेर छ । हामीहरु संघीय अभ्यासमा जुटी Legislature को लामो इतिहास नभए पनि समितिका निरन्तर बैठक संचालन, सरकारी कामकारवाहीको अनुगमन र निर्देशन, समितिमा विधेयक दफावार छलफलको क्रममा विधेयकमा संशोधन पेश गर्ने र छलफमा भाग लिने मा. सदस्यहरुको रुची र निरन्तर अभ्यासले समिति प्रणालीको विकास हुनुको साथै यसको महत्व बढिरहेको भन्न सकिन्छ । समिति एउटा सामूहिक भावना र सहयोगमा आधारित संस्था भएकोले यसमा सबैको सहयोग, चासो र सक्रियतालाई आगामी दिनमा थप प्रभावकारी बनाउन समितिका पदाधिकारी एवं सदस्य सबैको समान दायित्व बोधको अपेक्षा गरिन्छ । लोकतन्त्रको विकास गर्न समग्रमा भन्ने हो भने कानून बनाएर कार्यन्वयन गर्दैमा हुने वाला छैन त्यसको लागि हामी सबै जहाँ छौ उच्च नैतिकताका साथ आफ्नो जिम्मेवारी वहन गर्न जरुरी छ । यसै सन्दर्भमा एउटा अब्राहम लिङ्कनको भनाई याद आयो जहाँ उनले भनेका छन् You can fool some of the people all of the time All of the people some of the time but You cannot fool all of the people all of the time. त्यसैले हामीले हाम्रो ठाउँबाट जिम्मेवार भै काम गर्न जरुरी छ र हामीले आफ्नो कामप्रति नैतिकता साथ जिम्मेवार हुन जरुरी छ ।

धन्यवाद

प्रदेश सभा
विधायन तथा प्रदेश मामिला समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत